# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४३) काठमाडौं, जेठ २५ गते २०५० साल (अतिरिक्ताङ्क १४(क)

## भाग ३

### श्री ५ को सरकार

### भूमि सुधार तथा व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकार (मं.प.) को मिति २०४९।३।१८ को निर्णयानुसार झोरा क्षेत्रको जग्गा सम्बन्धी ऐन, २०२८ को दफा ४ र ५ एवं झोरा क्षेत्रको जग्गा सम्बन्धी नियमावली, २०२८ को नियम ८ बमोजिमको अधिकारीमा श्री जगतमान आङदम्वेलाई तोकिएकोमा श्री ५ को सरकार (मं. प.) ले मिति २०५०।२।२५ मा देहायबमोजिम गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

१. श्री जगतमान आङदम्वेलाई तोकिएको अधिकार खण्ड ४२, संख्या ३४ मिति २०४९।८।२२ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित सूचनामा उल्लेख भए बमोजिमको सुकुम्बासी समस्या समाधान आयोगलाई प्रदान गर्ने ।

२. श्री जगतमान आङदम्वेले पुलाहा झोराको जग्गा सम्बन्धमा निर्णय गरी कार्यान्वयन गरेको सम्पूर्ण काम कारवाही र वितरण गरेको जग्गाको प्रमाण-पूर्जा समेत स्थगित गरी हाल सो भन्दा पूर्वकै स्थितिमा कायम राख्ने ।

३. श्री जगतमान आङदम्वेलाई उपरोक्त बमोजिम तोकिएको अधिकार सुकुम्बासी समस्या समाधान आयोगले प्रयोग गर्ने गरी तोकिएकोले आजैका मितिदेखि श्री जगतमान आङदम्वे उपरोक्त बमोजिम तोकिएको अधिकार प्रयोग गर्ने अधिकारीको रूपमा नरहने ।

खण्ड ४२, संख्या १५ मिति २०४९।४।५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको यस सम्बन्धीसूचना खारेज गरिएको छ ।

आज्ञाले,
शरदकुमार भट्टराई
श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

996

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११८